बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कमैया, सर्लाही
मधेस प्रदेश, नेपाल
(२०७३)

☎ ०४६-४१०००८
०४६-४१०००९

पत्र संख्या:- ०८२/०८३
चलानी नं.:- २९३

मिति : २०८२।०४।२२

## सेवा करारमा कर्मचारी पदपुर्ती सम्वन्धी सूचना ।

प्रकाशित मिति : २०८२।०४।२२

प्रस्तुत विषयमा यस बागमती नगरपालिकाको लागि दक्ष जनशक्तिलाई सेवा करार मार्फत पदपुर्ती गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली उम्मेदवारहरुले यस कार्यालयमा उपलव्ध फाराम भरी सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र निवेदन दिनु हुन सम्वन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | विज्ञापन नं | पद/तह | माग संख्या | परिक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | १/२०८२/०८३ | सुचना प्रविधि अधिकृत ( It Officer) (छैठौं) | १ | १०००। | स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) अन्तर्गत |
| २ | २/२०८२/०८३ | कर सहायक (चौथो) | १ | ५००। | बागमती माछापोखरी तथा बगैचा पर्यटन क्षेत्र |

१, आवश्यक न्यूनतम योग्यता : (सुचना प्रविधि अधिकृतको लागि)

मान्यताप्राप्त शिक्षण संस्थावाट (Computer वा Information Technology वा सो सरह विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BCIS, BICT, BEIT, BSC CSIT, BE Electronics and Communication Engineering B-Tech electronics and Communication engineering ) को उपाधि हासिल गरेको। यदि नेपाल वाहिरको प्रमाणपत्र भए मान्यता प्राप्त विश्वविद्यालयवाट समकक्षता निर्धारण (Equivalence) प्रमाणपत्र। सम्वन्धित क्षेत्रमा कर्य अनुभव भए त्यसको प्रमाणपत्र ।

२, आवश्यक न्यूनतम योग्यता : ( कर सहायकको लागि)

मान्यता प्राप्त शिक्षण संस्थावाट न्युनतम SEE वा सो भन्दा माथी उतीर्ण गरेको । कर्य अनुभव भए त्यसको प्रमाणपत्र। कम्प्यटर आधारभुत सिप सम्वन्धी (Ms. Office Package, Email, Internet, English & Nepali typing) सम्वन्धी सिप हासिल गरेको ।

३, दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थान: बागमती नगरपालिका

Web site:bagmatimunsarlahi.gov.np बाट डाउनलोड गरी वा कार्यालयबाट प्राप्त गरी यस नगर कार्यपालिकाको कार्यालय, कमैया, सर्लाहीमा बुझाउनु पर्ने छ ।

४, उमेरको हद : दरखास्त दिने अन्तिम मितिसम्म २१ बर्ष पुरा भई ३५ बर्ष ननाघेको ( महिलाको हकमा ४० बर्ष ननाघेको )

प्रतीत भण्डारी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

# बागमती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
मधेस प्रदेश, नेपाल
(२०७३)

०४६-४१०००८
०४६-४१०००९


पत्र संख्या:- ०८१/०८२
चलानी नं.:- २९३

बागमती नगरपालिका नगर कार्यपालिकाको कार्यालय कर्मैया, सर्लाही मधेस प्रदेश, नेपाल २०७३

५, परीक्षा सञ्चालन हुने मिति, समय र स्थान : सूचना प्रकाशन गरिनेछ ।

६, आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु : आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको काजगातहरुको प्रतिलिपि :

क) कार्यालयबाट उपलब्ध निवेदन फाराम

ख) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, बसाइसराइ भए सो सँग सम्वन्धित प्रमाणपत्रको प्रतिलिपि

ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

घ) कामसँग सम्वन्धित अनुभव भए सो सँग सम्वन्धित कागजातको प्रतिलिपि

ङ) हालसालै खिचेको पासपोर्ट साइजको फोटो तीन प्रति

च) परीक्षा दस्तुर तिरेको नगदी रसिद ।

७, परीक्षाको किसिम : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, प्रयोगात्मक तथा अन्तर्वार्ता ।

८, पारिश्रमिक तथा सेवा सुविधा: बागमती नगरपालिकाले तोके बमोजिम ।

९, आवेदन दिने अन्तिम मिति: यो सूचना प्रकाशन भएको मितिले १५ दिन सम्म ।

१०, आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई रहनेछ ।

११, कुनै अस्पष्टताको सम्वन्धमा यस कार्यालयको प्रशासन शाखामा सम्पर्क गरी वुझ्न सकिने छ ।

१२, कार्य क्षेत्र : सूचना प्रविधि अधिकृतको हकमा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) अन्तर्गत सूचना प्रविधि शाखा र कर सहायको हकमा बागमती माछापोखरी तथा बगैचा पर्यटन क्षेत्र ।

१३, दरखास्त दस्तुर: बागमती नगरपालिकाको आन्तरिक राजश्व खाता नं २०७२०५००२८०९४००२ मा जम्मा गरी सो को सक्कलै भौचर पेश गर्नुपर्न वा बागमती नगरपालिकको राजश्व शाखामा नगद उपलब्ध गराई रसिद लिनु पर्नेछ ।

नोट :

क) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको।

ख) यस सूचनामा तोकिएको परीक्षा दस्तुर तिरी आवेदन फाराम बागमती नगपालिकाबाट प्राप्त गर्न सकिनेछ।

ग) यस सूचनामा उल्लेख नभएको विषयहरुको सन्दर्भमा यस कार्यालयको निर्णयानुसार वा प्रचलित कानून बमोजिम हुनेछ ।

प्रतीत भण्डारी
प्रमुख प्रशासकीय अधिकृत




CS Scanned with CamScanner